# भेटेरिनरी नियमन निर्देशिका, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# भेटेरिनरी नियमन निर्देशिका, २०७५

(प्रदेश सरकारको मिति २०७५/१०।१ को निर्णयबाट स्वीकृत)

प्रस्तावना :

मुलुकको अर्थतन्त्रको महतवपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको स्वास्थ्यका दृष्टिकोणबाट समेत पशु, पशुजन्य पदार्थ तथा पशुजन्य उत्पादन सामग्रीको स्वस्थ उत्पादन, बिक्री वितरण, उपभोग तथा निकासी पैठारी गर्ने सम्बनधमा प्रभावकारी रुपमा कार्यान्वयन गर्न पशु स्वास्थ्य कार्यक्रम संचालन गर्न आवश्यक रहेकोछ । हाल प्रदेश स्तरको पशु स्वास्थ्य सेवा सम्बन्धी ऐन नियमावली तर्जुमा भई नसकेको अवस्थामा नेपाल सरकारको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र सो को नियमावली, २०५६ को मर्म र भावना अनुरुप पशुवस्तुमा बिभिन्न समयमा संक्रामक महामारीको रुपमा देखा परी पशु तथा पशुजन्य उत्पादनमा कमि आई कृषकहरुमा ठूला आर्थिक क्षति पुर्याउने रोगहरुको सर्भिलेन्स, अन्वेषण, पहिचान, रोकथाम, नियन्त्रण तथा अनुगमनका कार्यहरु कार्यान्वयन गर्न "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५"को दफा ३(१) को अधिकार प्रयोग गरि भूमि व्यवस्था प्रदेश सरकारबाट "भेटेरिनरी नियमन निर्देशिका, २०७५" तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

क) यो निर्देशिकाको नाम "भेटेरिनरी नियमन निर्देशिका, २०७५" रहेको छ ।

ख) यो निर्देशिका प्रदेश सरकारवाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "जैविक पदार्थ (वायोलोजिकल्स)" भन्नाले पशु विकास तथा पशु स्वास्थ्यको लागि प्रयोग गरिने जीवाण वा विषाणुयुक्त औषधि, खोप वा जैविक रसायन सम्झनु पर्दछ ।

(२) "पशुपंन्छी" भन्नाले घरपालुवा गाई, भैंसी, भेंडा,बाख्रा, बंगुर जस्ता चौपाय तथा कुखुरा, हाँस, परेवा, अस्ट्रिच, टर्की जस्ता पंक्षी र माछा तथा सो खाले सबै जाति र उमेरका भाले र पोथीलाई समेत जनाऊँदछ ।

(३) "पशुजन्य पदार्थ" भन्नाले पशुका मासु, रगत, बोसो, पित्त, दूध, फुल, हाड, छाला, सिंग, खुर, प्वांख, उन, भुत्ला, रौं, भ्रुण, वीर्य, ग्रन्थी, मल, मूत्र वा सोबाट बनाईएका अप्रशोधित वस्तु सम्झनु पर्छ ।

(४) "पशु उत्पादन सामग्री" भन्नाले पशु स्वास्थ्य, कृत्रिम गर्भाधान वा जैवीक पदार्थ उत्पादन कार्यमा उपयोग हुने प्रशोधित वा अप्रशोधित सामग्री सम्झनु पर्छ ।

(५) "संक्रामक रोग" भन्नाले हाललाई पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को अनुसूचिमा उल्लेखित रोगहरु र नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको अन्य रोगहरुलाई समेत जनाउंछ ।

(६) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ ।

(७) “निर्देशनालय" भन्नाले प्रदेश न.१ को पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयलाई सम्झनु पर्दछ।

(८) “विज्ञ केन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दलाई सम्झनु पर्दछ ।

(९) “कार्यालय प्रमुख" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्दको प्रमुखलाई सम्झनु पर्दछ ।

(१०) “सम्बन्धित कार्यालय" भन्नाले कार्यक्रम संचालनको अख्तियारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनाल तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई समेतलाई जनाउँछ ।

३. कार्यक्रम संचालनको उद्देश्यः

(१) भेटेरिनरी औषधि तथा जैवीक पदार्थ, पशुपन्छी फार्म, ह्याचरी र पशु नक्ष सुधारको गुणस्तर कायम गर्ने ।

(२) पशु सेवा सम्बन्धी ऐन नियम तथा स्विकृत मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

(३) संघिय सरकार वा प्रदेश सरकारबाट स्वीकृत मापदण्डहरु कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(४) जैवीक पदार्थको आयात निर्यात तथा उपयोग निर्धारित मापदण्ड अनुसार भए नभएको नियमन तथा अनुगमन गर्ने ।

(५) भेटेरिनरी औषधि तथा जैविकी उत्पादन, प्रशोधन, बिक्रि, वितरण गर्ने स्थानको अनुगमन र निरिक्षण गर्ने ।

(६) भेटेरिनरी औषधि तथा जैविकी उत्पादन तथा प्रशोधन र बिक्रि, वितरण गर्न अनुमतीको लागि संघिय पशु सेवा विभागले दिएको अनुमति अनुसार कामकाज गरे नगरेको स्थलगत निरिक्षण गरी प्रतिवेदन पेश गर्ने ।

(७) भेटेरिनरी निरिक्षकको कार्य कुशलता र क्षमता अभिबृद्धि गर्ने र निरिक्षण कार्यलाई उपलब्धि मूलक बनाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न मार्ग दर्शन गर्ने ।

(८) पशु सेवा सम्बन्धी संघिय तथा प्रदेशका ऐन नियम तथा स्विकृत मापदण्डहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

(९) पशु सेवासंग सम्बन्धित स्वीकृत मापदण्डहरु कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।

(१०) रोगको प्रभावकारी निदान तथा नियन्त्रणको लागि आवश्यक पर्ने रोगको सर्भिलेन्स, नमुना संकलन, तथा सम्प्रेषण गर्ने ।

प्रमुख सचिव

सचिव

## परिच्छेद २

## कार्यक्रम कार्यान्वय प्रक्रिया

४. **कार्यक्रम संचालन हुने जिल्लाहरु** : प्रदेश अन्तरगतका सबै जिल्लाहरु ।

५. **यस कार्यक्रम अन्तर्गत सचालन हुने कृयाकलापहरु**

(१) पशु औषधी तथा जैविक पदार्थको भण्डारण सम्बन्धि व्यवस्थाको निरिक्षण: मासु पसल, डेरी पसल, दाना पसल तथा पशुजन्य पदार्थ उत्पादन गर्ने उधोगहरुको भेटेरिनरी निरिक्षण

(२) पशुपन्छी फार्म र ह्याचरीको निरिक्षण तथा अनुगमन

(३) पशु रोग सर्भिलेन्स

(४) पशु नक्ष्ल सुधारका कृयाकलापहरु

(५) भेटेरिनरी नियमन तथा जनचेतनामूलक कार्यक्रम संचालन

(६) पशु स्वास्थ्यकर्मी दर्ता नविकरण तथा परिचालन

(७) पशु स्वास्थ्य नियमन कार्यको अभिलेखीकरण

६. **कार्यक्रम कार्यान्वयन सम्बन्धी जिम्मेवारी तथा दायित्व**

(१) कार्यक्रम कार्यान्वयन सम्बन्धि जिम्मेवारी र दायित्व सम्बन्धित अख्तियार प्राप्त कार्यालयको हुनेछ ।

(२) कार्यक्रम कार्यान्वयनको लागि प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले भेटेरिनरी विषयमा कम्तीमा स्नातक गरेको व्यात्तीलाई भेटेरिनरी निरिक्षक तोकिनेछ । भेटेरिनरी निरिक्षकको काम, कर्तव्य र अधिकार दफा ७ बमोजिम हुनेछ ।

(३) भेटेरिनरी नियमनको कार्य तोकिएको भेटेरिनरी निरिक्षकबाट संचालन गर्नु पर्नेछ । नियमन कार्यमा तोकिएको भेटेरिनरी निरिक्षकले अन्य प्राविधिक तथा सहयोगी कर्मचारी खटाउन सक्नेछ ।

७. **भेटेरिनरी निरिक्षकको काम, कर्तब्य र अधिकार:**

प्रदेश सरकारबाट अर्को व्यवस्था नभए सम्म संघिय सरकारको पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १९ मा भेटेरिनरी निरिक्षकको काम, कर्तव्य र अधिकारको सम्बन्धमा देहाय वमोजिमको व्यवस्था गरिएको छ:

(१) पशुजन्य पदार्थ, पशु उत्पादन सामग्रि, पशु औषधि वा जैविक पदार्थको गणस्तर जांच गर्ने वा जांच गर्नका लागि सोको नमूना संकलन गरी विभागले तोकेको प्रयोगशालामा पठाउने,

(२) म्याद नाघेका पशु औषधि, जैविक पदार्थ वा पशु उत्पादन सामग्री भेटिएमा नियम १९ को निर्देशिका पुरा गरी नष्ट गर्ने र सोको जानकारी निर्देशनालमा लेखी पठाउने,

(३) पशु औषधि वा जैविक पदार्थको विक्रि वितरण आधिकारिक व्यक्तिबाट भए वा नभएको जांच गरी निर्देशनालाई जानकारी गराउने,

(४) कुनै व्यवसायीक फार्मले पशुलाई नियमित रुपमा खोप दिए वा नदिएको, जैवीक सुरक्षाका उपायहरु अवलम्बन गरे वा नगरेको जांच गर्ने,

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल प्रमुख सचिव

(५) कुनै पशुमा रोग लागेको पाइएमा वा सोको शंका लागेमा त्यस्तो पशुलाई नष्ट गर्न वा छुट्टै राख्न आदेश दिने वा बिक्रि वितरण गर्न रोक्का गर्ने र सो कुराको जानकारी यथाशिघ्र निर्देशनालयलाई दिने,

(६) संघिय पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ बमोजिम संघिय पशु सेवा विभागबाट सिफारिस पत्र वा अनुमतिपत्र प्रदान गरिएकोमा सो बमोजिम भए वा नभएको निरिक्षण गरी निर्देशनालय समक्ष प्रतिवेदन पेश गर्ने,

(७) पशु नक्ष्ल सुधार सम्बन्धमा स्थलगत रुपमा सुझाव संकलन गरी निर्देशनालयमा पठाउने,

(८) पशु नक्ष्ल सुधार लागु गरिएको क्षेत्रमा भाले जातको पशुहरुलाई खसी पार्ने कार्य गराउने,

(९) पशु नक्ष्ल सुधार सम्बन्धमा जनचेतना अभिबृद्धि गर्न प्रचार प्रसार गर्ने,

(१०) पशु नक्ष्ल सुधारको लागि पशुहरुको जाती र वीर्यको प्रयोग सिफारिस अनुसार भए वा नभएको अनुगमन गर्ने,

(११) निर्देशनालयले तोकि दिएका अन्य काम गर्ने वा गराउने ।

**८. पशु औषधी तथा जैविक पदार्थको भण्डारण सम्बन्धि व्यवस्थाको निरिक्षणः**

भेटेरिनरी निरीक्षकले पशु औषधी, जैविक पदार्थ व्यवस्थापन तथा विक्री वितरण सम्वन्धी गुणस्तर जाँच गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(१) पशु औषधी वा खोप वा जैविक पदार्थ बिक्रेताको पसल आधिकारिक निकायमा दर्ता भएको छ/छैन ।

(२) औषधी विक्रेताले मान्यता प्राप्त तोकिएको निकायबाट औषधी बिक्री गर्न पाउने प्रमाणपत्र प्राप्त गरेको छ वा छैन । छ भने सो प्रमाणपत्रको नम्बर नोट गर्नु पर्नेछ । छैन भने कहिले देखि यस्ता कामकाज भई आएको छ ।

(३) औषधी पसलमा सम्वन्धीत निकायमा दर्ता नभएका औषधी राखिएका छ वा छैन । यदि दर्ता नभएका औषधी राखिएका छन भने निम्नानुसार विवरण संकलन गर्ने ।

| दर्ता नभएका औषधीको नाम | दर्ता नभएका औषधीको कम्पोजिशन | परिमाण | उत्पादत कर्ताको नाम ठेगाना |
|---|---|---|---|
| | | | |

(४) विक्रेताले औषधीलाई समुहगत रुपमा वा उपयुक्त तरिकाबाट राख्ने गरेको छ वा छैन ।
**औषधी राख्ने तरिकाको निरिक्षणः पसलमा औषधिहरु एन्टीवायोटिक, एन्थेल्मीन्टीक आदि के कस्ता समूहमा छ छैन अवलोकन गर्ने । राखिएका भए कुन कुन समूहमा राखिएको छ लेख्न ।**

(५) विक्रेताले विषादी र पशु औषधी छुट्टा छुट्टै राख्ने गरेको छ वा छैन ।

(६) जैविक पदार्थ वा खोपलाई खोपका प्रकृति अनुसार चौबिसै घण्टा उपयुक्त शीत भण्डारमा राख्ने गरेको छ वा छैन ।

(क) पसलमा रेफ्रिजिरेटरमा राख्नु पर्ने कुन कुन औषधी तथा खोप छन् ।

(ख) कोल्डचेन मेन्टेन गर्न जेनेरेटर वा अन्य के व्यवस्था गरिएको छ ।

प्रदेश नं.-१
विराटनगर, नेपाल
सचिव

(७) रेफ्रिजेरेटर राखिएका भए चालु अवस्थामा छ छैन हेर्ने ।

(८) म्याद नाघेको वा टुटे फुटेको औषधी वा खोप वा जैविक पदार्थ सम्बन्धित कम्पनीबाट नयां बदल्ने हिसाबले Settlement राख्नु पर्ने भएमा त्यस्ता औषधीलाई एक कार्टुन वा बोरामा राखी **म्याद नाघेका र टुटे फुटेका पशु औषधी** भनी लेबल टाँसी विक्री कक्ष भन्दा अलगै स्थानमा राखि सोको Settlement का लागि कारवाही चलाएको प्रमाण पसलमा राख्ने गरेको छ वा छैन ।

(९) भेटेरिनरी निरीक्षकले निरीक्षणका क्रममा म्याद नाघेको पशु औषधी वा जैविक पदार्थ विक्री कक्षमा फेला पारेमा यस्ता औषधी वा जैविक पदार्थलाई तत्काल नष्ट गर्ने र सोको जानकारी निर्देशनालयमा लेखि पठाउने ।

(१०) कम्पनीबाट नयां बदल्ने हिसावले उप दफा (८) बमोजिम गरी राखेका वाहेक म्याद नाघेको वा टुटे फुटेका औषधी पसलको कुनै पनि भागमा राखेको फेला परेमा नष्ट गर्नु पर्नेछ ।

(११) **औषधी पसल निरीक्षण गर्दा फाराम भर्ने:** भेटेरिनरी निरिक्षकले कुनै पनि भेटेरिनरी औषधी पसलको पहिलो पटक निरिक्षण गर्दा अनुसूची १ बमोजिमको फाराम भरी अभिलेख राख्ने । एक पटक निरिक्षण गरेको भेटेरिनरी, औषधी पसलको पुनः निरिक्षण गर्नु पर्दा अनुसूची २ बमोजिमको फाराम भरी अभिलेख राख्नु पर्नेछ ।

(१२) पशु औषधी पसलको जाँच गर्दा इजाजत पत्रमा उल्लेख भए बमोजिमको नाम साईन वोर्डमा लेखिएको नपाईएमा त्यस्ता वोर्डलाई तुरुन्त हटाउन लगाउने र साईनवोड नपाईएमा तुरुन्त राख्न लगाउनु पर्नेछ ।

(१३) कुनै व्यक्तिले आधिकारीक निकायमा पसल दर्ता नगरेका वा व्यवसायी प्रमाणपत्र नलिई पशु औषधी पसल संचालन गरेको पाईएमा भेटरीनरी निरिक्षकले सोको जानकारी निर्देशनालयलाई गराउनु पर्नेछ ।

**९. पशुपन्छी फार्म र ह्याचरीको भेटेरिनरी निरिक्षण तथा अनुगमन:**

(१) भेटेरिनरी निरिक्षकले आफनो कार्य क्षेत्र भित्र रहेका सरकारी, गैरसरकारी वा निजी क्षेत्रबाट स्थापित पशु, पन्छी फार्म र ह्याचरीको भेटेरिनरी निरिक्षण तथा अनुगमन गर्नुपर्नेछ ।

(२) पन्छी फार्म तथा ह्याचरीले संघिय पशु सेवा विभागबाट स्वीकृत व्यवसायीक पंक्षी फार्म तथा हयाचरी संचालन निर्देशिका २०७१ अनुसार कार्य गरे नगरेको निरिक्षण गर्ने । मापदण्डमा उल्लेखित जैवीक सुरक्षा नअपनाएका भए मापदण्ड अनुसार गर्न म्याद तोकि लिखित सुझाव दिई गर्न लगाउने ।

(३) व्यवसायीक पशु पंक्षी फार्मले पशुपन्छीलाई नियमित रुपमा खोप दिएको र जैविक सुरक्षाका उपायहरु अवलम्बन गरी अभिलेख राखे नराखेको निरिक्षण गर्ने ।

(४) प्यारेन्ट स्टक फार्म निरिक्षण गर्दा अनुसूची ३, ब्रोइलर पोल्ट्री फार्म निरिक्षण गर्दा अनुसूची ४, व्यवसायीक लेयस पोल्ट्री फार्म निरिक्षण गर्दा अनुसूची ५, व्यवसायिक बंगुर फार्म निरिक्षण गर्दा अनुसूची ६ बमोजिमका फारमहरु प्रयोग गर्नु पर्नेछ ।

(५) कुनै पनि नीजि फार्मले फार्म प्रयोजनका लागि बाहेक अन्य प्रयोजनका लागि खोप वा अन्य जैवीक पदार्थ राखे नराखेको निरिक्षण गरी अभिलेख राख्ने ।

प्रमुख सचिव

(६) फार्मको प्रयोजनका लागि जैवीक पदार्थ राख्नु पर्दा सो पदार्थको प्रकृति अनुसार उपयुक्त तापक्रममा भण्डार गर्ने व्यवस्था गरे नगरेको निरिक्षण गरी अभिलेख राख्ने ।

(७) पशुपन्छी फार्म वा ह्याचरीको निरिक्षण गदा कुनै पशुमा शंका भएमा रोगका प्रकृति हेरी उपयुक्त संख्यामा नमूना संकलन गरी परिक्षणका लागि तोकिएको प्रयोगशालामा सुरक्षित साथ पठाउनु पर्नेछ ।

(८) पशुपन्छी फार्म वा ह्याचरीको निरिक्षण गर्दा कुनै पशुमा संक्रामक रोग लागेका पाइएमा वा लाग्न सक्ने संका लागेमा त्यस्ता पशुलाई प्रचलित नियमानुसार पशुको किसिम र रोगका प्रकृति हेरी छुट्टै राख्ने वा बिक्रि बितरण गर्न रोक्का गर्न लगाउने र सो को जानकारी यथाशिघ निर्देशनालय लाई गराउने ।

(९) कुनै संक्रामक रोग लागेको पाईएमा वा लाग्न सक्ने शंका लागी अलग राख्न आदेश दिईएको पशुपन्छी वा संक्रमित वस्तुको उपयुक्त नमूना संकलन गरी प्रयोगशालामा परिक्षणका लागि सुरक्षित साथ पठाउने । परिक्षणको नतिजा प्राप्त भएपछि सम्वन्धीत पशु धनीलाई सो बारे जानकारी गराउने ।

(१०) पशु औषधी पसल, पशु पंक्षी फार्म, ह्याचरी, मासु पसल, बधस्थल, वधशालाका तथ्यांक संकलन गरी व्यवस्थित गर्ने तथा सो को प्रतिवेदन निर्देशनलायमा अनिवार्य रुपमा पठाउने ।

**१०. पशु औषधि पसल, पशु पंक्षी फार्म, ह्याचरी, मासु पसल, वधस्थल, वधशालाको तथ्यांक व्यवस्थापन गरि प्रतिवेदन पेश गर्ने**

(१) जिल्लामा अवस्थित पशु औषधि पसल, पशु पंक्षी फार्म, ह्याचरी, मासु पसल, बधस्थल, वधशालाको तथ्यांक संकलन गरी व्यवस्थित गर्ने र सो को प्रतिवेदन निर्देशनालयमा पठाउने

**११. पशु स्वास्थ्यकर्मी दर्ता नविकरण तथा परिचालन**

(१) विज्ञ केन्द्र अन्तर्गतको क्षेत्रमा कार्यरत निजी पशु स्वास्थ्य सेवा प्रदायकहरुको विवरण संकलन गरि जिल्ला पशु सेवा कार्यालयमा दर्ता गरि राख्ने र निजहरुलाई परिचय पत्र उपलब्ध गराउने ।

(२) नीजि क्षेत्रबाट पशु स्वास्थ्य सेवा पुर्याउने ग्रा.प.स्वा.का., पशु स्वास्थ्यमा संलग्न प्राविधिक, पशु चिकित्सकहरुको दर्ता, नविकरण गरि जिल्लामा दर्ता तथा नविकरण पुस्तिका राखी संचालन गर्ने।

(३) जिल्लामा नीजि क्षेत्रबाट प्रदान गरिने पशु स्वास्थ्य सेवाको विवरण उतार गरि राख्ने र सो को विवरण निर्देशनालयमा समेत पठाउने ।

(४) विज्ञ केन्द्रमा दर्ता नविकरण नगरी पशु स्वास्थ्य सेवामा संलग्न भएका पशु स्वास्थ्य कर्मिहरुलाइ सचेत गराई दर्ता हुन अभिप्रेरित गर्ने ।

**१२. भेटेरिनरी नियमन तथा जनचेतनामूलक कार्यक्रम संचालन**

(१) Antibiotics Residue, Antibiotic resistance, prudent use of Antibiotics सम्वन्धमा पशु सेवामा कार्यरत प्राविधिकहरुसंग अन्तरक्रिया

(२) National Veterinary Service, WTO, SPS, Zoonotic Disease सम्वन्धी चेतनामूलक कार्यक्रम

(३) पशु कल्याण सम्वन्धमा सरोकारवालाहरुसंग अन्तरक्रिया गर्ने ।

(४) पशु स्वास्थ्य प्रमाणिकरण गर्ने र सो को चौमासिक विवरण निर्देशनालयमा पठाउने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

१३. पशु स्वास्थ्य नियमन कार्यको अभिलेखीकरण र प्रतिवेदनः

(१) भेटेरिनरी निरिक्षकले आफुलाई प्राप्त जिम्मेबारी र लक्षित कार्यक्रम समयमा नै पुरा गरी भए गरेको प्रगति सम्वन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएर राख्नु पर्नेछ ।

(२) भेटेरिनरी निरिक्षकले गरेको पशुपक्षी फार्म, ह्याचरी, औषधी पसल, उद्योग निरिक्षण, उद्योग खोल्न प्राविधिक सिफारिस लगातयका तोकिएका अन्य कार्यहरु सम्बन्धी निरिक्षण प्रतिवेदनको अभिलेख राख्ने, सुचना संकलन तथा विश्लेषण गर्ने र चौमासिक रुपमा निर्देशनालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ । यसरी प्राप्त सूचना सामग्रिको विश्लेषणात्मक प्रतिवेदन आवश्यक नीतिगत निर्णयार्थ निर्देशनालय मा पेश गर्नुपर्नेछ ।

(३) भेटेरिनरी निरिक्षकले सूचनाका सम्वेदनशिलता र गोपनीयताका ख्याल गरी सूचना चुहावट हुनबाट सर्तक हुनु पर्नेछ ।

(४) प्रदेश सरकारको कानून नबनेसम्म संघिय सरकारको पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र सोही नियमावली, २०५६ विपरित कार्य गर्ने व्यक्तिलाई भटेरिनरी निरिक्षकले ऐन नियम सम्मत कार्य गर्न लिखित सुझाव दिनु पर्नेछ ।

१४. पशु रोगहरुको सर्भिलेन्स कार्यक्रम संचालन

(१) संक्रामक रोगको रोकथाम तथा निदानको लागि पशु रोग सर्भिलेन्स कार्य संचालन गरिनेछ ।

(२) रोगको महामारी फैलिएको अवस्थामा पशुपन्छी रोग निदान प्रयोगशाला संगको समन्वयमा सर्भिलेन्स तथा रोकथाम को कृयाकलापहरु सचालन गरिनु पर्नेछ ।

(३) स्थानीय तहमा पशुपन्छीमा देखा परेको रोग विशेषको Incidence rate/prevalence rate पहिचान गर्नको लागि सर्भिलेन्स कार्य गर्न सकिनेछ ।

(४) नियमित सर्भिलेन्स कार्यको लागि रोग फैलिन सक्ने श्रोतको पहिचान गरि व्यवसायिक पशुपन्छी फार्म, पशुपन्छी हाट बजार, राजमार्ग आसपासका क्षेत्र, अन्तर जिल्ला सिमाना लगायतको क्षेत्रलाई मुख्य प्राथमितकतमा राख्नु पर्नेछ ।

(५) रोगको महामारी फैलिएको अवस्थामा रोग पहिचान गर्न आवश्यक पर्ने Rapid test kit खरिद गर्न सकिनेछ ।

(६) सर्भिलेन्स कार्यको लागि आवश्यक पर्ने औषधी, प्रयोगशाला सामग्री, उपकरण, मसलन्द तथा अन्य सामग्रीहरु स्वीकृत बजेटबाट खरिद गर्न सकिनेछ ।

(७) सर्भिलेन्स साईटमा सर्भिलेन्स कार्यमा खटिएको कर्मचारीलाई सर्भिलेन्स कार्य गरी रिर्पोट पेश गरेको आधारमा प्रति हसा खाजा खर्च बापत रु ७००। का दरले भुक्तानी दिन सकिनेछ ।

(८) रोग नियन्त्रण सम्बनधी आवश्यक सुचनामुलक सामग्री प्रकाशन तथा सम्प्रेषण कार्य उल्लेखित बजेट बाट खर्च गर्न सकिनेछ ।

- सर्भिलेन्स कार्यको लागि आवश्यक पर्ने फर्मेट तयार गरि सर्भिलेन्स गर्ने तथा सो कार्यको कम्पाईल गरी मासिक र चौमासिक रुपमा निर्देशनालयमा पठाउनु पर्नेछ ।

(४) कार्यक्रम संचालनको लागि स्वीकृत कार्यक्रम बजेटको परिधि भित्र रही काम गर्नु पर्नेछ ।

(५) कार्यक्रम संचालन गर्दा तोकिएको वजेट निम्न कार्यमा खर्च गर्न सकिनेछ ।

(क) नियमन कार्यको लागि आवश्यक पर्ने मसलन्द, औषधी उपकरण लगायतको सामग्री

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव

(ख) खटिएको कर्मचारीको दैनिक भ्रमण भता, ईन्धन खर्च आदि

(ग) नियमन कार्यक्रमको सफल कायान्वयनको लागि आवश्यक पर्ने अन्तरकृया गोष्ठी आदि

(घ) सवारी साधन भाडामा लिएमा सवारी साधनको भाडाको लागि खर्च गर्न सकिनेछ ।

१५. श्रोत साधनको व्यवस्थाः

(क) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा प्राप्त कार्यक्रम तथा वजेट प्रचलित आर्थिक ऐन नियम अनुसार संचालन गर्नु पर्नेछ ।केन्द्रमा उपलब्द्ध भैतिक श्रोत साधनहरुको प्रयोग गरि लक्षित कार्य सम्पन्न गर्न सकिनेछ ।

१६. विविध कार्य तथा निर्देशन कार्यान्वयन गर्नेः

(१) नेपाल सरकार पशु सेवा विभाग तथा निर्देशनालय अन्तरगतका पशु पक्षी आयात निर्यात सिफारिस समितिले दिएको निर्देशन बमोजिम कार्य गरी पशुजन्य पदार्थको आयात निर्यात कार्यमा सहयोग गर्ने ।

(२) जिल्लामा संचालन हुने पशु स्वास्थ्य नियमन कार्यक्रम प्रभावकारी बनाउन कार्यक्रम संचालन गर्नु पूर्व सरोकारवाला निकायको सहभागितामा नियमन कार्यक्रम कार्यान्वयन कार्यबिधि सम्वन्धमा बिस्तृत छलफल तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने गराउने ।

(३) विज्ञ केन्द्रहरुले नियमन कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न कार्यरत कर्मचारीहरुलाई समन्वयात्मक रुपमा परिचालन गरी कार्यक्रम संचालन गर्ने ।

(४) विज्ञ केन्द्रहरुले नियमन कार्यक्रम अन्तर्गत भए गरेका कार्यहरुको समिक्षात्मक प्रगति कार्यालयको वार्षिक पुस्तिकामा प्रकाशन गर्ने ।

(५) निरिक्षणको क्रममा स्वीकृत नीति वा मापदण्ड विपरित कुनै कार्य भए गरेको देखिएमा निर्देशनालयमा अविलम्ब जानकारी गराउने ।

(६) सरोकारवाला निकायहरुबाट भेटेरिनरी निरिक्षणको लागि खटिएका कर्मचारीलाई आवश्यक सूचना सामग्री तथा निरिक्षण स्थल पुग्न पथ प्रदर्शनको व्यवस्था मिलाउने लगायतका आवश्यक सहयोग गर्ने ।

(७) नियमन तथा भेटेरिनरी निरिक्षण सम्बन्धी सम्पूर्ण कार्यको जवाफदेहिता भेटेरिनरी निरिक्षक तथा कार्यालय प्रमुखको हुनेछ ।

(८) कार्यक्रम संचालन गर्दा प्राप्त वजेट खर्च गर्दा निरिक्षण अनुगमन क्रममा आवश्यक निसंक्रमणमा प्रयोग हुने औषधी लगायतका सामग्री, संचार, सवारी साधन, इन्धन, प्रचार प्रसार व्यवस्थापन, अनुगमनका क्रममा आवश्यक पर्ने मास्क, ग्लोवस, एप्रोन, गमवुट मसलन्द जस्ता सामग्री आदिमा गर्नु पर्नेछ । साथै कार्यक्रमको सफल कार्यान्वयन गर्न स्थानिय तहमा समेत आवश्यकता अनुसार अन्तरक्रिया छलफल गर्नु पर्नेछ ।

सचिव

प्रमुख सचिव

## परिच्छेद ३

## विविध

१७. **आर्थिक प्रशासन सेवा :**

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन २०७४, प्रदेश आर्थिक कार्यविधी नियमावली २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

१८. **प्रचलित कानून लागु हुने :** कार्यविधिमा उल्लेखित प्रावधानहरु प्रचलित कानून संग बाँझिएमा बाँझिएको हद सम्म अमान्य हुनेछ।

१९. **बाधा अड्काउ फुकाउने (खारेजी एवं संशोधन)**

(१) निर्देशिका कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) निर्देशिका कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) निर्देशिकालाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसूची १

## भेटनरी निरीक्षकले पहिलो पटक भेटेरिनरी औषधी पसल निरीक्षण गर्दा प्रयोग गर्नुपर्ने चेकलिष्ट (Check- list)

१. औषधी पसलको नाम र ठेगाना: कुल लगानी रकम

२. औषधी पसलका नाम (बोर्डमा लेखेको) र इजाजत पत्रको नाम मिले/नमिलेको:

३. दर्ता भएको कार्यालयको नाम:

इजाजत पत्र दर्ता नम्बर:

दर्ता मिति: म्याद समाप्त हुने मिति:

४. औषधी पसल धनीको नाम, थर: सम्पर्क नं.

५. शैक्षिक योग्यता: औषधी विक्री सम्बन्धि तालिम:

६. औषधी विक्री गर्न सहयोग गर्नेको नाम, थर: सम्पर्क नं.

शैक्षिक योग्यता: तालिम:

७. विषादि र भेटेरिनरी औषधी एउटै पसलमा राखे/नराखेको:

८. म्याद नाघेको औषधी विक्री कक्ष भित्र राखे/नराखेको:

९. म्याद नाघेको औषधी पाईएको भए के के भेटिएको ? त्यसको नाम र उत्पादकका नाम, ठेगाना:

१०. पशु औषधी वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्तिबाट मात्र तथा दर्तावाला पसलबाट विक्री वितरण गरे/नगरेको

११. कानून अनुसार दर्ता नभएको औषधी पसलमा भए/नभएको:

१२. कानून अनुसार दर्ता नभएको औषधी पसलमा भेटिएको भए के के भेटिएको ?
तिनीहरुको नाम र उत्पादकका नाम, ठेगाना:

१३. म्याद नाघेको औषधी अलग राख्ने तरिका बारे जानकारी भए / नभएको:

१४. यदि यसबारे जानकारी भएमा सही तरिकाबाट राखी Settlement लागि कारवाही गरेको प्रमाण भए/नभएको:

१५. औषधी पसलमा भेटेरिनरी खोप वा जैविक पदार्थ राखे/नराखेको:

१६. यदि खोप, जैविक पदार्थ राखेको भए के के खोप, जैविक पदार्थ कसरी राखेका छन् ?

१७ रेफ्रिजेरेटर संचालन समय:

१८ जेनरेटर वा अन्य विद्युत आपूर्ति ब्यवस्था भए नभएको (भएको अवस्थामा विवरण उल्लेख गर्ने)

१९ म्याद नाघेको खोप वा जैविक पदार्थ भेटे/नभेटेको:

२० म्याद नाघेको औषधी, खोप वा जैविक पदार्थ भेटीएका भए सोको लागि गरिएको कारवाही:

२१ निरीक्षणको क्रममा पसल धनी वा विक्री कर्तालाई दिएका सुझावहरु:

२२ भेटेरिनरी निरीक्षकको टिप्पणी:

प्रमुख सचिव

भेटेरिनरी निरीक्षकको नाम थर:

दस्तखत:

मिति:

अनुसूची २

## एक पटक निरीक्षण गरिसकेका भेटनरी औषधी पसल निरीक्षण गर्नुपर्दा प्रयोग गर्नुपर्ने चेकलिष्ट

१ औषधी पसलको नाम र ठेगाना:

२ दर्ता भएका कार्यालयको नाम:

३ इजाजत पत्र दर्ता नम्बर:

४ दर्ता मिति:

५ म्याद समाप्त हुने मिति

६पशु औषधी वा खोप वा जैविक पदार्थ आधिकारिक व्यक्तिबाट मात्र पसल दर्ता भएका पसलबाट विक्री वितरण गरे / नगरेको

७. विषादि र भेटेरिनरी औषधी एउट पसलमा राखे / नराखेको:

८. म्याद नाघेको औषधी विक्री कक्ष भित्र राखे / नराखेको:

९. म्याद नाघेको औषधी पाईएका भए के के भेटिएको ? त्यसका नाम र उत्पादकका नाम, ठेगाना:

१०. नियमानुसार दर्ता नभएका औषधी पसलमा भए / नभएको:

११. नियमानुसार दर्ता नभएको औषधी पसलमा भेटिएको भए के के भेटिएको ? तिनीहरुको नाम र उत्पादकको नाम, ठेगाना:

१२. म्याद नाघेको औषधी अलग राख्ने तरिका बारे जानकारी भए / नभएको:

१३. यदि यसबारे जानकारी भएमा सही तरिकाबाट राखी क्भततझिभलत को लागि कारवाही गरेका प्रमाण:

१४. औषधी पसलमा भेटेरिनरी खोप वा जैविक पदार्थ राखे /नराखेको:

१५. यदि खोप वा जैविक पदार्थ राखेको भए के के खोप वा जैविक पदार्थ कसरी राखेको छ ?

१६. रेफ्रिजेरेटर संचालन समय:

१७. जेनरेटर भए वा अन्य विद्युत आपूर्ति व्यवस्था भए नभएको (भएको अवस्थामा विवरण उल्लेख गर्ने)

१८. म्याद नाघको खोप, जैविक पदार्थ भेटे/नभेटेको: (भेटिएको अवस्थामा पूर्ण विवरण उल्लेख गर्ने)

१९. म्याद नाघेको औषधी, खोप वा जैविक पदार्थ भेटीएका भए सोको लागि गरिएका कारवाही:

२०. निरीक्षणको क्रममा पसल धनी/विक्रीकर्तालाई दिएका सुझावहरु:

२१. भेटनरी निरीक्षकको टिप्पणी:

भेटेरिनरी निरीक्षकको नाम थर:

दस्तखत:

मिति:

प्रमुख सचिव

सचिव

## अनुसूची ३

### व्यवसायिक माउ (Parent) पोल्ट्री ब्रिडिङ फार्म र ह्याचरी निरीक्षण गर्दा प्रयोग गर्नु पर्ने फरमका नमूना

(१) फार्मका नाम र ठेगाना:

(२) स्थापना मिति:

(३) फर्म धनीको नाम र ठेगाना

(४) फार्मको क्षमत: (वर्ग फिट) हाल प्रयोगमा रहेको खाली

(५) पोल्ट्रीको जात:

(६) आयात गरेको विवरण: भाले संख्या: पोथी संख्या:

आयात गरेको देशको नाम:

आयात गरेको फार्मको नाम ठेगाना

(७) हालको पोल्द्री विवरण:

| उमेर | भाले | पोथी | कुल | प्रति हप्ता अण्डा उत्पादन |
|---|---|---|---|---|
| ०-८ हप्ताको | | | | |
| ९-२० हप्ताको | | | | |
| २१-४८ हप्ताको | | | | |
| ४९-७२ हप्ताको | | | | |

(८) प्रति हप्ता चल्ला उत्पादन संख्या:

(९) चल्ला मृत्य दर प्रतिशत:

(१०) खोप तालिका भए/ नभएको:

(११) कुन कुन खोप लगाएको ? (रेकर्डवाट नोट गर्ने)

(१२) कुल अण्डा उत्पादन र वर्ष:

(१३) इन्कुवेटरका क्षमता:

(१४) वार्षिक अण्डा सेटिङ संख्या:

(१५) प्रजनन प्रतिशत:

(१६) ह्याचिविलिटी (चल्ला उत्पादन) प्रतिशत:

(१७) ह्याचरको क्षमता:

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल
प्रमुख सचिव

(१८) जैविक सुरक्षा संवन्धी व्यवस्था:

(क) वार वन्देज, गेट भए नभएको

(ख) वाहिरी जनावर, चरा पंछी भित्र पस्नवाट रोक्ने व्यवस्था भए नभएको

(ग) गेटमा खुट्टा सफा नि:सक्रमण गर्ने व्यवस्था भए नभएको

(घ) निसंक्रमण तालिका भए नभएको

(ङ) फाहोर फयाक्ने ढल र मरेका चल्ला गाडने व्यवस्था भए नभएको

(च) नि:सक्रमण गर्ने तरिका

(छ) आगन्तुक र कर्मचारीहरुको सर सफाई व्यवस्था

(१९) ह्याचिङ अण्डाको स्वस्थता र ढुवानीको व्यवस्था राम्रो सन्तोषजनक वेठिक

(२०) दाना भण्डारण व्यवस्था राम्रो ठीकै नराम्रो

(२१) खोप तथा औषधीको भण्डारण सम्वन्धी व्यवस्था:

(२२) रोग सवन्धी विवरण

(क) निरीक्षणको समयमा रोगी र शंकास्पद पोल्ट्रीका संख्या

(ख) एभिएन इन्ल्फलुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगको शंका भए नभएको

(ग) रोगी कुखुरा छुटयाई राख्ने व्यवस्था भए नभएको ?

(घ) पोल्ट्री ब्रिडिङ फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए/नभएको/ भएको भए अध्यावधिक रेकर्ड राखिएको नराखिएको ?

(ङ) प्रचलित मापदण्ड वमोजिम नमूना संकलन गरे नगरेको ?

(च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणका लागि पठाईएको ?

(छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए/नभएको ?

(२३) भेटेरिनरी निरीक्षकको टिप्पणी:

भेटेरिनरी निरीक्षकको नाम थर:

दस्तखत:

मिति:

अनुसूची ४

## ब्रोइलर पोल्ट्री फार्म निरीक्षण गर्दा प्रयोग गर्नु पर्ने फारमको नमूना

१. फार्मको नाम र ठेगाना स्थापना मिति

३. फर्म धनीको नाम र ठेगाना

४. फार्मको कुल क्षेत्रफल (वर्ग फिट) कुखुरा पाल्न सक्ने क्षतमा

५. पोल्ट्रीको जात

६. चल्ला किनेको फार्मको नाम

७. बथानको विवरण संख्या

० देखि ४ हप्ताको

५ देखि ८ हप्ताका

८. चल्लाको मृत्य दर प्रतिशत

९. कुन कुन रोग विरुद्ध खोप लगाएको हो (रेकर्ड अनुसार नोट गर्ने)

१०. सरदर विक्रि गर्ने तौल (के.जि.)

११. सरदर विक्रि गर्ने उमेर (हप्तामा)

१२. जैविक सुरक्षा संवन्धी व्यवस्था

क) बार वन्देज, गेट भए नभएको

ख) वाहिरी जनावर, चरा पंछी भित्र पस्नवाट रोक्ने व्यवस्था भए नभएको

ग) गेटमा खुट्टा सफा नि:सक्रमण गर्ने व्यवस्था भए नभएको

घ) निसंक्रमण तालिका भए नभएको

ङ) फाहोर फयाक्ने ढल र मरेका चल्ला गाडने व्यवस्था भए नभएको

च) नि:सक्रमण गर्ने तरिका के हो

छ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था कस्तो हो

१३. दाना भण्डारण व्यवस्था राम्रो ठीकै नराम्रो

१४ खोप तथा औषधीको भण्डारण सम्वन्धी व्यवस्था:

१५. रोग सम्वन्धी विवरण

क) निरीक्षणको समयमा रोगी शंकास्पद पोल्ट्रीका संख्या

ख) एभिएन इन्लफलुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगका शंका भए नभएको

ग) रोगी पोल्ट्री छुटयाई राख्ने व्यवस्था भए नभएको

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

घ) पोल्ट्री ब्रिडिङ फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए नभएको

भएको भए अध्यावधिक रेकर्ड राखिएको वा नराखिएको

ङ) प्रचलित मापदण्ड वमोजिम नमूना संकलन गरे नगरेको

च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणका लागी पठाईएको हो ?

छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए नभएको

२३. भेटेरिनरी निरीक्षकको टिप्पणीः

भेटेरिनरी निरीक्षकको

नाम थर

दस्तखत

मिति

कार्यालय

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रमुख सचिव

## अनुसूची ५

### व्यवसायीक लेयर्स पोल्ट्री फाम निरीक्षण गर्दा प्रयोग गर्नु पर्ने फारामको नमूना

(१) फार्मका नाम र ठेगाना

(२) स्थापना मिति

(३) फर्म धनीको नाम र ठेगाना

(४) फार्मका क्षमता (वर्ग फिट)

(५) पोल्ट्रीका जात:

(६) चल्ला किनेको फार्मको नाम:

(७) हालका पोल्ट्री विवरण:

(८) उमेर भाले पोथी कूलप्रति हसा अण्डा उत्पादन:

(९) ८. चल्ला मृत्य दर प्रतिशत

(१०) ९. कुन कुन रोग विरुद्ध खोप लगाएको हो (रेकर्ड अनुसार नोट गर्ने)

(११) १०. खोप तालिका भए नभएको

(१२) ११. कुन कुन खोप लगाएको हो (रेकर्डवाट नोट गर्ने)

(१३) १२ कुल अण्डा उत्पादन र वर्ष

(१४) १३. जैविक सुरक्षा संवन्धी व्यवस्था

क) बार वन्देज, गेट भए नभएको

ख) वाहिरी जनावर, चरा पंछी भित्र पस्नवाट रोक्ने व्यवस्था भए नभएको

ग) गेटमा खुट्टा सफा नि:सक्रमण गर्ने व्यवस्था भए नभएको

घ) निसंक्रमण तालिका भए नभएको

ङ) फाहोर फयाक्ने ढल र मरेको चल्ला गाडने व्यवस्था भए नभएको

च) नि:सक्रमण गर्ने तरिका

छ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था

(१५) दाना भण्डारण व्यवस्था राम्रो ठीकै नराम्रो

(१६) विक्रि गर्ने उमेर

(१७) खोप तथा औषधीको भण्डारण सम्वन्धी व्यवस्था:

(१८) रोग सम्वन्धी विवरण:

(क) निरीक्षणको समयमा रोगी शंकास्पद पोल्द्रीका संख्या

(ख) एभिएन इन्ल्फलुएन्जा र माइकोप्लाज्मा वा अन्य कुनै संक्रामक रोगका शंका भए नभएको

(ग) रोगी पोल्द्री छुटयाई राख्ने व्यवस्था भए नभएको

(घ) पोल्द्री व्रिडिङ फार्म र ह्याचरीमा साल्मोनेला रोगको अनुगमन प्रणाली भए/नभएको

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव

भएको भए अध्यावधिक रेकर्ड राखिएको वा नराखिएको

(ङ) प्रचलित मापदण्ड वमोजिम नमूना संकलन गरे    नगरेको

(च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणका लागी पठाईएको हो ?

(छ) फार्म र ह्याचरीमा प्राइभेट पशु चिकित्सक भए नभएको

(१९) भेटेरिनरी निरीक्षकको टिप्पणी:

भेटेरिनरी निरीक्षकको

नाम थर

दस्तखत

मिति

कार्यालय

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

अनुसूची ६

व्यवसायिक वंगुर फार्म निरीक्षण अनुगमन गर्दा प्रयोग गर्नु पर्ने फारामका नमूना

(१) फार्मको नाम र ठेगाना

(२) स्थापना मिति

(३) फार्म धनीको नाम र ठेगानाः

(४) वंगुरको जात

(५) जैविक सुरक्षा संवन्धी व्यवस्था

क) बार वन्देज, गेट भए र नभएको

ख) वाहिरी जनावर, चरा पंछी भित्र पस्नवाट रोक्ने व्यवस्था भए नभएको

ग) गेटमा खुट्टा सफा नि:सक्रमण गर्ने व्यवस्था भए  नभएको

घ) नि:संक्रमण तालिका भए  नभएको

ङ) फाहोर फयाक्ने ढल र मरेका वंगुर गाडने व्यवस्था भए नभएको

च) नि:सक्रमण गर्ने तरिका

छ) आगन्तुक र कर्मचारीहरुको सर सफाई व्यवस्था

६. रोग सवन्धी विवरण

क) निरीक्षणको समयमा रोगी संकास्पद पशुको संख्याः

ख) स्वाइन फिभर र खोरेत रोगको शंका भए  नभएको

ग) रोगी लाई छुटयाई राख्ने व्यवस्था भए  नभएको

घ) नमूना संकलन गरे नगरेको

च) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणका लागी पठाईएको ?

छ) फार्ममा प्राइभेट पशु चिकित्सक भए  नभएको

७. प्रजननको लागि पालिएका बंगुर संख्या (वर्षको शरुमा र बर्षका अन्त्यको

क)माउ संख्या

ख) भूनी  संख्या ......

ग) भाले संख्या ........

घ) पाठापाठी संख्या

८. भैरहेका पूर्वाधारहरुमा बंगुर राख्न सकिने संख्या

क)माउ संख्या

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव

ख) भूनी संख्या ......

ग) भाले संख्या ........

घ) पाठापाठी संख्या

९. प्रति माउ प्रति वष व्याउने पटक

१०. प्रति वेतमा जिवित र मृत जन्मेका पाठापाठी संख्या

११. जन्मेका पाठापाठीका औषत तौल (के. जी. )

१२ प्रृथम पटक वाली लाग्ने उमेर ( दिनमा) तौल (कें जी. )

१३ बालि गए पनि उल्टने प्रतिशत .........

१४ खोप तथा औषधीका भण्डारण सम्वन्धी व्यवस्था:

१५. प्रतिरोधात्मक र उपचारका कार्य तालिका भए नभएको:

१६. भेटेरिनरी निरीक्षकको टिप्पणी:

भेटेरिनरी निरीक्षकको

नाम थर:

दस्तखत:

मिति:

कार्यालय:

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रमुख सचिव

## अनुसूची ७

## व्यवसायिक गाईभैसी फार्मको स्थलगत अनुगमन निरक्षण चेकलिष्ट

१. फार्मको नाम र ठेगाना .

२. स्थापना मिति ................ कुल लगानी रु..................... बार्षिक आम्दानी

३. फार्म धनीको नाम ठेगाना

सम्पर्क नं.

शैक्षिक योग्यताः अनुभवः तालिमः

४. फार्ममा पालिएका पशुका मुख्य जातहरुः

५. फार्ममा रहेका पशुहरुको विवरणः

| पशुको किसिम | दुहुना | व्याउने | थारो | बाच्छा | बाच्छी ( २ वर्ष मुनि) | कोरेली | कुल पशु संख्या |
|---|---|---|---|---|---|---|---|
| गाई | | | | | | | |
| भैसी | | | | | | | |
| साँढे बहर | | | | | | | |
| अन्य पशुहरु | | | | | | | |

६. खोरको किसिम खोरको क्षेत्रफल

खोरमा पशुको लागि पर्याप्त स्थान छ । छैन खोर निर्माणको कुल लगानी रु

७. पशु आहाराः दानाको किसिम र श्रोत

दैनिक दाना खपत

दुहुना पशु ......... थारो पशु ............. कोरेली पशु ..................

घाँस खेतीको लागि जग्गा ................

घाँस खेती डाले घाँस .......... बोट भुई घाँस.............बहुबर्षे घाँस

८. पशु प्रजनन अवस्था कृ.ग. प्रा.ग. कुन उपयुक्त लाग्छ ?

सरदर बाली जाने उमेर सरदर एक बेत देखि अर्को बेतको अन्तर

९. पशु स्वास्थयः

क) खोप विवरणः

| खोपको किसिम | HS/BQ | FMD | Anthrax | Brucellosis | Rabies |
|---|---|---|---|---|---|
| | | | | | |

ख) आन्तरिक परजिवी नियन्त्रण कहिले गरिन्छ वा गरिदैन ?

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

प्रमुख सचिव

ग) आन्तरिक परजिवी नियन्त्रणका लागि गोबर परिक्षण गराईन्छ वा सोझै खुवाईन्छ ?

घ) विगत एक वर्षमा फार्ममा देखिएको मुख्य रोगहरु:

१०. दैनिक दुध उत्पादन .......... लिटर

सरदर मुल्य रु. ..... प्रति लिटर प्रति लिटर खुद मुनाफा रु.

विक्रि गर्ने मुख्य संस्था र स्थान

११. जैविक सुरक्षा सम्वन्धी व्यवस्था

क) बार वन्देज, गेट भए नभएको

ख) वाहिरी जनावर, चरा पंछी भित्र पस्नवाट रोक्ने व्यवस्था भए नभएको

ग) नि:संक्रमण गर्ने व्यवस्था भए नभएको

घ) फोहोर फ्याक्ने ढल र मरेको पशु गाड्ने व्यवस्था भए नभएको

ङ) आगन्तुक र कर्मचारीहरुको सरसफाई व्यवस्था

१२. रोग सम्वन्धी विवरण

क) निरीक्षणको समयमा रोगी संकास्पद पशुको संख्या

ख) रोगी पशुलाई अलग्ग छुट्याई राख्ने गरेको र नगरेको

ग) प्रचलित मापदण्ड वमोजिम नमूना संकलन गरे र नगरेको

घ) संकलित नमूनाहरु कुन प्रयोगशालामा परीक्षणको लागी पठाईएको रु.

ङ.) फार्ममा प्राइभेट पशु चिकित्सक वा प्राविधिक भए र नभएको:

१३. फार्ममा संलग्न कामदारको संख्या महिला पुरुष

१४. फार्म संचालनमा देखिएका मुख्य समस्याहरु

१.५ विगतमा जिल्ला पशु सेवा कार्यालयमा फार्म सुचीकृत भए नभएको

१६. सरकारी निकायबाट कुनै किसिमको अनुदान सहयोग प्राप्त गरेको वा नगरेको

अनुदान प्राप्त गरेको भए कहिले के प्रयोजनका लागि

१७. भेटेरिनरी निरीक्षकको टिप्पणी:

भेटेरिनरी निरीक्षकको

नाम थर

दस्तखत

मिति

कार्यालय

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सरकार
प्रदेश नं.-१
विराटनगर, नेपाल

प्रमुख सचिव

सचिव